# बाचेका छन मनहरू

(मृगौला फेर्न पाए आरामको जीवन स्वदेशमा बिताउथेउ)

.रसना ढकाल

ए छोड यार शरिरले त साथ छोड छ भने जाबो मान्छेको के भरोसा गर्नु आखिर पैसा नै ठूलो रहेछ त शरिर बलियो छ भने सबै बलियो हुने रहेछ शरिर बलियो भएन भने कोहि आफ्नो हुदैन । अर्को साथीले हो यार सहि भनिस भन्दै थप्दै गए । कुनै घरको छेउमा बसेर कुरा गरिहेका थिए दुइ युवाहरु । ति व्यक्तिहरु कहि कतै चिन्तित पनि देखिन्थे भने धेरै त आत्म विश्वास बढाएर बाचेका पनि देखिन्थे । (तामाङ्ग भाषा नेपालीमा अनुवाद)

खासमा जिन्दगीका तिता मिठा भलाकुसारी गर्दै बसेका दुइ युवाहरुसँग एक कार्यक्रममा भेट भयो । उनिहरुको कुरा सुनेर बोल्न मन लाग्यो । खै किन हो किन कसैको कुरा प्रति ध्यान जादैन थियो तर ति युवाहरुको कुरा सुनेर बोल्न मन लाग्यो । उनीहरु भन्दै थिए , छोड यार हामी बाचेका छौ हाम्रा मनहरु बाचेका छन । झट्ट सुन्दा कुरा के हो के हो जस्तो लाग्ने । तर उनीहरुसँग बोल्दै जाँदा उनीहरुले भनेका शब्दको अर्थ खोज्दै जादाँ बडो मार्मिक पाए । ति थिए केहि महिना अघि मात्रै वैदेशिक रोजगारबाट फर्केका युवा ज्यान त फर्केर आयो तर दुवै जनाको दुवै मृगौला काम नलाग्ने भएको रहेछ । र पनि हौसला र आत्मविश्वासको साथ जिन्दगीका पानाहरु लेख्दै गइरहेका थिए उनीहरु ।

उनी थिए सखुवासभा तुम्लिङ्गटार घर भएका वर्ष ३२ का सुरेन्द्र तामाङ्ग अर्को थिए सोहि जिल्ला र स्थानका वर्ष ३० का सागर तामाङ्ग कलिलो युवा अवस्थामा धेरै दुख र शारिरीक पिडाको सामना गर्दै आइरहेका रहेछन, यो सबै कुरा गर्दै जाँदा थाहा पाइयो । के रहेछ त वास्तविकता भनेर बुझ्न मन लाग्यो दुवैको मृगौलामा समस्या आएको रहेछ कारण वैदेशिक रोजगारमा भोक प्यास नभनि अहोरात्र काम गर्ने, समयमा शौच र पानी पिउन समेत नपाउने भएकोले स्वास्थ्या खराबी आएको रहेछ ।

सुरेन्द्र तामा· सन २०१२ देखि नै वैदेशिक रोजगारको लागि गल्फ देशहरु( मलेसिया, साउनी र कतार ) मा गएका रहेछन । घरको आर्थिक स्थिती कमजोरको कारण वैदेशिक रोजगारको क्रममा गल्फ देश गएको उनिले बताए । जाँहा गए पनि आखिर रुखमा पैसा फल्ने त रहेनछ पैसा त मेहनतले मात्रै आउने रहेछ, यसको लागि प्रचण्ड गर्मी, तातो हावा को सामना गर्नु पर्ने, कामको त्यतिकै दवाव १२ घण्टा काम गर्नु पर्ने बाध्यता । शरिरले सुख पाएन दिनहु जसो कठिन परिश्रम गर्नु पर्थ्यो , महिनामा पाएको पैसा घर पठाउथे , बुवा आमा बृद्ध हुनुन्छ , बुवाआमाको साथ पत्नी थिइन तर उनी पनि साथमा बसिनन घर छोडेर गइन। कुरा गरि रहँदा आर्थिक र पारिवारिक समस्या बाट जुध्दै हिडेको देखियो सुरेन्द्रलाई ।

यसै गरी सन २०२३ मा मलेसियामा काम गर्न पुगेका सागर तामा·लाइ पनि चर्को घाममा काम गरि रहँदा एक्कासी वेहोस भै ढलेको र अस्पताल पुराएपछि चिकित्सकले दुवै मृगौलाले काम नगर्ने बतायो । मृगौलाले काम गर्न छोडेको थाहा पाएपछि कम्पनिले पनि तिमी घर जाउँ भन्यो, केहि पनि

दिएन उल्टै खालि हात आउनु परेको गुनासो गरे । तातो घाममा काम गर्नु पर्ने, समयमा शौच जान नपाउने, पानी पिउन समेत नपाउने स्थितीमा काम गर्नु पर्थ्यो अनि कसरी ज्यानको हेरचार गर्ने यो दुवै युवाको साझा प्रश्न थियो ।

मृगौला शरिरको प्रमुख भाग हो । दुइ मृगौला मध्ये एकले काम गरेन भने बाच्न सकिन्छ तर दुवैले काम गर्न छोड्यो भने बाच्न सकिन्न आफु सँगै बस्ने साथीहरुले यस्तो बचन लगाउथे ति युवा भन्छन् । हाल काठमाण्डौको बनस्थली स्थित राष्ट्रिय मृगौला प्रत्यारोपण केन्द्रमा ति युवाहरु नि:शुल्क मृगौला डायोनिसिस गरि रहेका छन् । उनीहरु बेरोजगार छन । कोठा भाडामा छ सबै कुरा किनेर खानु पर्छ , आफनो चहाना रहर सबै मरेर गयो । अरु साथीहरु रमाएर हिडेको देख्दा मन भक्कानिने कुरा सुनाउँदा सारै गाहरो भयो । अहिलेसम्म ज्युत्यु बाचेका मनहरुको एउटै चाहना छ मृगौला फेर्न पाए आरामको जीवन पाउने थिएउ र आफ्नै गाउँघरमा गएर काम गरि बुवाआमा सँग बस्न पाउथे भन्ने उनीहरको चाहना छ ।

घरको आर्थिक स्थिती उकास्न वैदेशिक रोजगारमा पुगेका यि दुइ युवा एक प्रतिनिधि पात्र मात्र हुन । काम गर्न पाउनु हरेक नागरिकको अधिकार हो भने वैदेशिक रोजगारमा जानु पूर्व जाने देशको बारेमा कानून, कामको प्रकार, पारिश्रमिक सीप बुझेर जानु उसको दायित्व भित्र पर्दछ । तर धेरै युवाहरु जाने बाटो मात्र हेर्ने जान लागेको देशको बारेमा जानकारी नलिने देखिन्छ ।

नेपालको हावापानी र समुन्द्र पारि देशको हावापानीमा धेरै फरक छ । नेपालमा गर्मीको उच्च मापन भनेको ४५ डिग्री सम्मलाइ लिइन्छ भने विदेशमा ५५ डिग्रि समेत पुग्छ । जुन हाम्रो युवाहरुको शरिरले थेग्न सक्दैन । बाहिर चर्को घाममा काम अनि कोठा भित्र जाँदा ए.सि. को हावा हुने । यस्तो असन्तुलित हावापानीको कारण सयौ युवाहरु सुतेको सुतैमा मृत्यु हुने गरेको नेपाल सरकारको एक प्रतिवेदनले देखाएको छ । हाल राष्ट्रिय मृगौला प्रत्यारोपण केन्द्रमा डायोनिस गर्न आउनेहरुमा वैदेशिक रोजगारबाट फर्किएर आएका युवाहरुको सख्या उल्लेखिनिय रहेको स्रोतले बताउँछ ।

नेपालको आर्थिक स्रोतहरु मध्ये रेमिटान्स प्रमुख स्रोतमा आउँछ । विदेश पुगेको नेपालीहरुको पसिनाबाट रेमिटान्स आउँछ तर जसले देशको आर्थिक स्थितीलाइ उकास्न मद्दत गरेको छ उनीहरुको कार्यस्थल, पारिश्रमिकको सवालमा देशले ध्यान दिएको पाइदैन ।

**देश भित्र रोजगारीको अवसर नपाएकै हो त ?**

अहिलेसम्म वैदेशिक रोजगारको लागि जाने युवा युवतिको कुरा सुन्यो भन्ने उनीहरुको एउटै साझा विचार आउँछ, देशमा केहि छैन रोजगार छैन याहाँ बसेर के गर्नु ? देश प्रति आरोप लगाउदै विदेशिने युवाहरुको जमात दिन प्रति दिन बढदै गइरहेको छ । नेपालमा सम्भावना नभएको होइन तर एउटा कुरा सत्य के हो भने राजनिति अस्थिर छ यसको प्रभाव समाजमा नकारात्मक ढंगले परेको छ। जो नेताहरुको आधि पछि घुम्यो उनीहरु विना योग्यताको ठाउँ ओगटन सफल भएका छन भने योग्यता भएकाहरु पछि को पछि परेका छन् । सरकारले ध्यान दिनु पर्ने समाज प्रति हो तर ध्यान अन्तै गइरहेको कारणले युवाहरुमा उदाशिनता आउनु स्वभाविकनै हो । अब सबै नेपालीले विदेशी भुमिमा सम्भावना देख्न थाल्यो, एससि या प्लस टु गरेर सबै विद्यार्थीको चाहना विदेश जाने नै हुन्छ ।

यतिसम्म कि विदेश जाने मोहमा नक्कली विवाह गरेर एक अर्काको डिपेन्डेड भएर गएका घटनाहरु पनि छन् ।

देश भित्रको ठुल ठूला उद्योग कलकारखनाहरु सबै बन्द छ । आर्थिक नितीमा बन्द उद्योग खोल्न तत्काल पहल गरिने हरेक वर्ष नेपाल सरकारको बजेट या निती तथा कार्यक्रममा प्रस्तुत हुन्छ तर उद्योग खोल्ने नाम पनि लिदैनन । बन्द भएका उद्योग खोले र सञ्चालनमा आएको भए पनि युवा बाहिर जानबाट जोगिन्थे । आफ्नै देशमा काम गर्ने अवसर पाउथे । हरेक वर्ष सरकार परिवर्तनको नकारात्मक असर देशमा परिरहेको छ । कार्यालयहरुमा वेतिथी वढेको छ । दण्डहिनता त्यतिकै बढिरहेको छ। नेता, सासंद यिनिहरुले जघन्य अपराध गरे पनि कानुनबाट चोखिने वातावरण व्याप्त छ । पिडक आफ्नै अगाडि शक्तिशालि भएर हिडेको पिडितले हेरि रहनु पर्ने अवस्था छ र राजनीति संरक्षणको अपराध गार्नु पर्छ है भन्ने कुमानसिकता बढेको छ । प्रहरीलाइ अनुसन्धान गर्न नदिने, मुद्दा खारेजको लागि सरकारी महान्याधिवक्ता कार्यालयलाइ दवाव दिने लगायतका गैरकानुनि तरिकाका कामहरु दिनहु बढिरहेको छ । चारै तिर राजनीति हस्तक्षेप भयो भने देशले विकास कहिले हुने ।

### श्रमिक प्रति राज्यले कहिले ध्यान दिने ?

वैदेशिक रोजगारमा युवाहरु ३ विधिबाट गैरहेको हुन्छन्

क) व्यक्तिगत चिनाजानीको माध्यमबाट

ख) सरकारी माध्यमबाट

ग ) मेनपावरको माध्यम बाट

यस मध्ये पछिल्लो समय ३ वटा विधि नै युवाहरुको लागि जोखिम भैरहेको छ । मेनपावरहरुले एक काम भन्यो अर्कै काममा लगाउने , काम पैसा दिने , सेवा  सुविधाबाट बञ्चित गराउने समस्या धेरै देखिएको छ भने , व्यक्तिगत चिनाजानीको आधारमा जानेहरु पनि अत्यन्त जोखिममा रहेको छन । यस मध्ये सरकारी माध्यमबाट जाने अलि कम असुरक्षित भएपनि कठिनाइहरुको सामाना गरि रहेको पाइन्छ । वैदेशिक रोजगारमा जाँदा श्रमिकको इन्सुरेन्स गरिन्छ । तर त्यो इन्सुरेन्सको पैसा कहिले कसले पाउँछ थाहा छैन । श्रमिक जादा गरिने कागजपत्रहरुमा मात्रै त्रुटि देखिन्छ । यस मध्ये श्रम गरेर गएको छ भने सरकारले भैपरि आएको बेला उद्दार गर्न सजिलो र कानून सम्वत पनि हुने र जो श्रम नगरि गएको छ उनीहरुलाइ उद्दार गर्न कठिनाइ हुने बहस पनि सुन्न पाइन्छ । तर जे भएपनि देशको नागरिक नै हो । काम गर्न गएको हो उसलाइ परदेशमा गाह्रारो भयो भन्दैमा सरकार र सरोकारवालाहरुले नजर अन्दाज गर्न मिल्दैन ।

हरेक वर्ष सरकारले कुनै न कुनै मुलुक सँग श्रम सम्झौता गरिहेको हुन्छ । आउने वर्ष हजारौ युवालाइ श्रमको लागि तोकिएको मुलुक पठाइने भन्दै सरकारले रटान लगाइ रहेको हुन्छ । भने युवाहरु  देशमा जीवन यापनको सम्भावना नदेखेर बाहिर जान उत्सुक देखिन्छन् । सरकारले वैदेशिक रोजगारमा जानु पूर्व के कस्तो कुरामा ध्यान दिनु पर्छ भनेर बारम्बार  सुचनाहरु प्रकाशन गरिरहेको हुन्छ । यस बाहेक नेपाल सरकारले सामी परियोजना पनि सञ्चालन गरेको छ । तर त्यो सबैको सेवा सुविधा सबै श्रमिकहरुले पाउन सकेका छैनन । श्रमिकहरुको चौतर्फि हितलाइ ध्यानमा राखेर गरिएको परियोजनाको बारेमा स्वयम श्रमिकहरुलाइ नै थाहा भएन ।